# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**दुहवी, सुनसरी**
**१ नं. प्रदेश, नेपाल**

## शिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित सुचना मिति : २०७५/०३/१७**

यस दुहवी नगरपालिका अर्न्तगत तपसिल बमोजिम आ.व. २०७५/०७६ को लागि मिति २०७६ अषाढ मसान्त सम्म वर्ष १(एक) को लागि शिलबन्दी बोलपत्र द्धारा आन्तरीक आय संकलनको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएको हुँदा इच्छुक योग्य फर्महरुले तपसिलका शर्तहरुका अधिनमा रही दुहबी नगरपालिका कार्यालयमा तोकिएको समय भित्र गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नु हुन प्रथम पटक यो सुचना प्रकाशित गरीएको छ।

| ठे.नं. | ठेक्का शिर्षक | न्युनतम ठेक्का अंक मु.अ.कर बाहेक वार्षिक रु. | उत्खनन गर्न पाउने अधिकतम परिमाण (बार्षिक) | बिकी दर प्रति क्यु.फिट रु. | | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|
| | | | | बालुवा | भरौट | |
| रा.आ.ठे.नं.२२ | दुहवी न.पा.क्षेत्राधिकार भित्र पर्ने बुढि खोला क्षेत्र (IEE मा उल्लेखित क्षेत्रहरू)बाट उत्खनन हुने नदिजन्य पदार्थ बिकी | ४३,६४,३०३।६२।- | ५४,९२५।४ घनमिटर (१९३९६९०।५० घनफिट) | २.५०।- | १.२५।- | ३,०००।- |

शर्तहरु.....

१.कर असुली सम्वन्धि दररेटहरुको विवरण तथा कर संकलन सम्वन्धि थप शर्तहरु वोलपत्र फाराम साथ उपलव्ध गराइनेछ।

२.वोलपत्र दाताले शिलवन्दि खाँमको बाहिर पट्टी नाम प्रस्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ।

३.शिलवन्दि बोलपत्र फाराम साथ नागरिकता प्रमाण पत्रको प्रतिलिपी, फर्म इजाजत पत्रको प्रतिलिपी,आन्तरिक राजश्व कार्यालयवाट प्राप्त पान प्रमाणपत्रको प्रतिलिपी, मु.अ.कर दर्ताको प्रतिलिपी,आ.व.२०७३।७४ को आयकर चुक्ता प्रमाण पत्र समेत बोलपत्र फाराम खरिद समयमा नै पेश गर्नु पर्नेछ। धरौटी वापत कवोल अंकको नेपाली नागरिक भए ५(पाँच) प्रतिशत र विदेशी नागरिक भए १०(दस) प्रतिशत रकम यस कार्यालयको नाममा एन.आइ.सि.एसिया दुहवी शाखामा रहेको धरौटी खाता नं.(A8CA499378524003) मा नगद दाखिला गरेको सक्कल भौचर वा वोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ९० दिन सम्म म्याद भएको बैंक जमानतको सक्कल प्रति संलग्न गर्नु पर्नेछ।

४.सुचना प्रकाशित भएको ३० औ दिन २०७५।०४।१४ गते कार्यालय समयसम्म वोलपत्र खरिद गरी ३१ औ दिन २०७५।०४।१५ गते दिनको १२ बजे भित्र यस कार्यालयमा शिलवन्दी वोलपत्र दर्ता गराउनु पर्नेछ र सोहि दिनको २ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ।वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ।

५.यो बोलपत्र फाराम वमोजिम पर्न आएको कुनै वा सवै बोलपत्र फाराम कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

६.कवोल गरेको अंकलाई बराबर ३(तिन) किस्ता कायम गरिनेछ।पहिलो किस्ता सम्झौता गर्दा नै अनिवार्य रुपमा बुझाउनुपर्नेछ।त्यस पछिका किस्ताहरु क्रमश अघिल्लो किस्ताको महिनाको मसान्त भित्र बुझाउनु पर्नेछ।

७.ठेक्का रकमलाई किस्तामा वुझाउनका लागि पहिलो किस्ता ५० प्रतिशत,दोश्रो किस्ता ३० प्रतिशत,तेस्रो तथा अन्तिम किस्ता २० प्रतिशत गरी विभाजन गरिनेछ।यसरी किस्ता निर्धारण गरी पहिलो किस्ता सम्झौता गर्दा कै बखतमा,दोश्रो किस्ता २०७५ फागुन मसान्त भित्र र तेश्रो तथा अन्तिम किस्ता बराबरको रकम २०७६ जेठ १५ गते भित्रमा बुझाउनुपर्नेछ।दोश्रो र तेश्रो किस्ता बराबरको रकमको हकमा २०७६ आषाढ मसान्त सम्म अवधि रहेको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ। एकमुस्ट रकम बुझाउन चाहनेले मुल्य अभिवृद्दि करको रकम सहित एकमुष्ट रकम बुझाउदा कवोल अंकमा मु.अ.करको रकम कटाई बाकी रकममा १० प्रतिशतले हुन आउने रकम छुट दिइनेछ।

८.स्वीकृत बोलपत्रदाताले आफुले बुझाउनुपर्ने रकमका लागि पहिलो किस्ता नगदै बुझाई,दोश्रो तेश्रो किस्ताको रकम बाँकी राखेमा सो रकम बराबरको २०७६ आषाढ मसान्त सम्म कायम रहने नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त बैंकको जमानत सम्झौता गर्दाको बखतमा नै पेश गर्नु पर्नेछ।

९.बोलपत्र स्वीकृत भई सोको जानकारी प्राप्त भएको ७(सात) दिन भित्र सम्झौता गरी सक्नुपर्नेछ।उक्त अवधि भित्र सम्झौता गर्न नआएमा नियमानुसार हुनेछ।

१०.ठेक्का कवोल गर्ने ठेकेदारले नगरपालिकाले तोकिदिएको कर उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाइ गरी सो रसिदहरु यस कार्यालयबाट कार्यालय प्रमुख वा तोकिएको कर्मचारीबाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ। प्रमाणित बाहेकका रसिदहरु कर उठाइएको पाइएमा नियमानुसार कारवाहि हुनेछ।

११.कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुने छैन।

१२.धरौटी वापत जम्मा गरिएको रकम किस्ता वा एकमुष्ट बुझाउने रकममा समायोजन गर्न पाइने छैन।

१३.प्रचलित कानुन विपरित हुने कुनै काम गरेमा जुनसुकै बखत पनि ठेक्का तोडि अन्य व्यवस्था गरिनेछ।यसरी ठेक्का तोडी अन्य व्यवस्था गर्दा पर्ने थप व्ययभार वा क्षती ठेकेदार स्वयंले व्यहोर्नु पर्नेछ।

१४.तोकिएको स्थान बाहेक अन्य स्थानवाट कर दस्तुर उठाउन पाइने छैन।

१५.कर संकलन कार्य गर्दा कुनै व्यवधान वा समस्या परेमा दुई पक्ष वीच आपसी छलफल गरी समाधान गरिनेछ। त्यस्तो छलफलबाट सहमति हुन नसकेमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ।

१६.बन्द हडताल तथा अन्य कुनै कारणवाट कर छुट तथा मिनाहा दिइने छैन।

१७.एक फर्मको नाममा खरिद गरेको बोलपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन।

१८.नदिजन्य पदार्थ उत्खनन गर्दा प्रचलित कानुन विपरित नहुने गरी तथा खोलाको वहावलाई प्रतिकुल असर नगर्ने गरी खोलाको channelling गरेर मात्र उत्खनन गर्नुपर्नेछ।

१९.यो ठेक्काको सम्झौता अवधि २०७६ जेठ मसान्त सम्म मात्र कर संकलन गर्न पाउने गरी समयावधि कायम गरिएको छ।

२०.यस सूचनामा उल्लेख नभएका कुराको हकमा प्रचलित कानुन वमोजिम हुनेछ।